नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वातावरण विभाग

पत्र संख्या :
चलानी नं. :

मिति: २०७७/०९/२४

# प्रेस विज्ञप्ती

मिति २०७७ पौष २१ गते यस विभागवाट गरिएको प्रेस विज्ञप्तीको सन्दर्भमा विभागको अपिल पालना गर्नुभएका सवै महानुभावहरुप्रति विभाग आभार प्रकट गर्दछ । यसैगरी हाम्रो विज्ञप्ती एवम् अपिल सर्वसाधारण जनताहरुमाझ पुऱ्याई सचेतना अभिवृद्धी गर्न मद्दत पुऱ्याउने सम्पूर्ण पत्रकार, मिडियाकर्मी साथीहरुलाई पनि विभागको तर्फबाट धन्यवाद ज्ञापन गर्दछु । विशेषत: पौष २० देखी मौसममा आएको परिवर्तनसँगै काठमाडौं उपत्यका लगायत मुलुकका विभिन्न स्थानहरुमा वायु प्रदुषणको स्तर अत्यधिक रुपमा बढेको थियो । मौसममा स्थिरता आई मिति २०७७ पौष २२ देखि क्रमश: वायु प्रदुषण मापन केन्द्रबाट देखिएको Digital Display बोर्डको अभिलेख अनुसार Air Quality Index घट्दै गएको छ । अझ मौसममा फेरबदल भएमा वायु प्रदुषण बढ्न पनि सक्ने देखिएको हुँदा त्यसतर्फ सचेत रहन समेत विभाग अपिल गर्दछ । उक्त मितिमा गरिएको अपिल समेतलाई ध्यानमा राखी आगामी दिनमा आफ्नो दिनचर्या सञ्चालन गर्न सम्पूर्ण सर्वसाधारण, सरोकारवाला निकाय, संस्था तथा व्यक्तिहरुमा यस विभाग अनुरोध गर्दछ। Air Quality Index मा देखिने विभिन्न रङ्गहरु र सो को मानव स्वास्थ्यमा देखिन सक्ने प्रभाव देहाय बमोजिम हुने व्यहोरा समेत सबैको जानकारीका लागि यो प्रेस विज्ञप्ती प्रकाशित गरिएको छ। विभिन्न स्थानहरुको वायु प्रदुषण गुणस्तर हेर्न विभागको देहायको वेभसाइट हेर्न समेत अनुरोध गरिन्छ ।

**www.pollution.gov.np** , **www.doenv.gov.np**

मुकुन्द प्रसाद निरौला
महानिर्देशक
वातावरण विभाग

| Air Quality Index (AQI) Values | Levels of Health Concern | Colors |
|---|---|---|
| 0 to 50 | Good | Green |
| 51 to 100 | Moderate | Yellow |
| 101 to 150 | Unhealthy for Sensitive Groups | Orange |
| 151 to 200 | Unhealthy | Red |
| 201 to 300 | Very Unhealthy | Purple |
| 301 to 400 | Hazardous | Maroon |
| 401 to 500 | Very Hazardous | Maroon |

कार्यालयको ठेगाना: बबरमहल, काठमाडौं
कार्यालयको टेलिफोन नं. ०१-४२२१७९७/४२२०८३७
फ्याक्स: ०१-४२२१५५७
इमेल: info@doenv.gov.np
वेबसाईट: www.pollution.gov.np